# १. चेला भनेको को हो ?

क. मुख्य पदहरु

| | |
|---|---|
| १पत्रस २:२१ | लूका ६:४० |
| यूहन्ना ८:३१-३२ | कलस्सी ३:१७ |
| २तिमोथी २:२ | १यूहन्ना २:६ |

ख. व्याख्या

चेलालाई ग्रीक भाषामा माथेटेस mathetes भनिन्छ जसको अर्थ, "त्यस्तो व्यक्ति जसले अर्कोबाट अर्तीहरु सिक्छ" हुन्छ. बाहिरी ग्रीक संसारमा एउटा व्यापारीकहाँ व्यापारको सीप सिक्न बसेको सिकारु भन्ने बुझिन्छ. एउटा चेला विद्यार्थी मात्र नभएर ऊ पछौटे पनि हो, यसकारण तिनीहरुलाई शिक्षकहरुको नक्कल गर्ने व्यक्तिका रुपमा लिइन्छ.

हरेक क्रिश्चियनलाई येशूको चेला हुन बोलाइएको छ. यसको मतलव तिनीहरुले उहाँको दावीलाई पहिला त आफ्नो जीवनमा स्वीकार गर्छन् चाहे त्यसको निम्ति तिनीहरुले ठूलै मूल्य चुकाउन किन नपरोस. त्यसकारण क्रिश्चियन चेला त्यो मानिस हो जो येशूलाई पछ्याउन प्रतिबद्ध छ, उहाँको उदाहरण अनुसार सिक्न लालायित छ.

ग. पाँच आधारभूत सिद्धान्तहरु

१. एउटा शिष्य सदैव येशूको शिक्षा अनुसार हिंडछ. तिनीहरु प्रभुको बचन यदा-कदा पालन गर्ने मात्र होइनन् तर उहाँको शिक्षामा आफैंलाई समर्पित गरेर अनुशासित हुँदै उहाँलाई पछ्याउन कटिवद्ध छन्. येशू हाम्रो गुरु हुनुहुन्छ. पवित्र आत्माद्वारा प्रत्येक दिन उहाँ हामीसित जीवित वचन बोल्नुहुन्छ. अब हामीले गर्नुपर्ने यो हो, उहाँले हामीलाई पहिले दिनुभएका आज्ञाहरु, शिक्षा र उदाहरणहरु हाम्रा दैनिक जीवनमा जिउनुपर्छ. चेलापनको मुख्य बुँदा प्रेरणात्मक नभएर शिक्षात्मक हो. परमेश्वरको वचनद्वारा हामीलाई प्राप्त भएको प्रकाश हामीले व्यवहारमा पनि ल्याउनुपर्छ. हाम्रो चेलापनको जग परमेश्वरको वचनको आज्ञाकारितामा उभिनुपर्छ. नत्रभने हामी प्रत्येक आत्मगत स्वविचार र भावनाहरुका अधीन हुनेछौं.

२. चेला त्यो व्यक्ति हो जसले आफ्नो जीवन सम्पूर्णत: प्रभुमा सुम्पेको हुन्छ. यो समर्पणता सम्पूर्ण हुनुपर्छ, अरु कसैमा होइन तर हाम्रो प्रेमिलो प्रभुमा. उहाँको आफ्नै स्वार्थ छैन तर परमेश्वरमा हाम्रो भलाई र वृद्धिका निम्ति उहाँ चिन्तित हुनुहुन्छ. उहाँले हाम्रो निम्ति आफ्नो जीवन बलिदान गर्नुभएकोले हामीसित यस्तो समर्पणताको माग गर्ने उहाँको अधिकार छ. प्रत्येक पाइलामा हामीले उहाँमा भरोसा गरेको येशू चाहनुहुन्छ. येशू हाम्रा निम्ति पूर्ण समर्पित हुनुहुन्छ र हामीले पनि उहाँप्रति त्यसै गरेको चाहनुहुन्छ. उहाँले हाम्रो जीवनलाई आफ्नो इच्छा अनुसारको ढांचामा ढाल्नुहुन्छ (मत्ती ६:२४, यूहन्ना १०:१-१८).

३. एउटा चेला येशूसितको फलदायी सम्बन्धमा जीउंछ (यूहन्ना १५:४-५). एकजना परमेश्वरको सेवक भन्नुहुन्थ्यो, “येशूसितको हाम्रो एकताले अरुहरुलाई बच्न संभव तुल्याउंछ. जब एउटा रुखमा थाम्नै नसक्ने गरी बाक्लो पात पलाउंछ, नतिजामा त्यसपछि रुखमा फल फल्छ. एउटा क्रिश्चियन पनि खीष्टले भरिपूर्ण भएपछि अरुले उसको बारेमा सुनेर परमेश्वरको राज्यमा तिनीहरु नयाँगरी जन्मन्छन्. त्यसकारण नयाँ विश्वासीहरु चेलापनका उपज हुन.” यस प्रकारसित हाम्रो जीवनमा फल नफल्ने हो भने परमेश्वरको राज्य फैलनेछैन र खीष्टको शरीर (मण्डली) मा पनि वृद्धि हुनेछैन.

४. एउटा चेलाले आफैंलाई अरुको निम्ति बलिदानात्मक निसर्त: प्रेम गर्न समर्पित गरेको हुन्छ. (यूहन्ना १३:३४-३५). यो साधारण मानव-प्रेम होइन तर परमेश्वरले हामीतर्फ प्रदर्शित गर्नुभएको प्रेम हो. यो स्वार्थरहित छ. आफूले गरेको प्रेमको सट्टामा अरुले पनि आफूलाई त्यसै गरोस भन्ने चाहँदैन. यस प्रकारको प्रेमलाई ग्रीक भाषामा “अगापे” agape नाम दिइएकोछ जसको अर्थ “निस्वार्थ प्रेम” हुन्छ. यसरी परमेश्वर र अन्य मानिसहरु हाम्रा आफ्ना स्वार्थी इच्छाहरुभन्दा बढी महत्वपूर्ण हुन्छन्.

५. एउटा चेला खीष्टको महान आज्ञालाई पूरा गर्न कटिवद्ध हुन्छ (मत्ती २८:१८-२०). चेलापनको हाम्रो उद्देश्य अरुलाई क्रिश्चियन बनाउनुमात्र नभएर तिनीहरुलाई चेलापनमा दिक्षित गर्नु पनि हो. परिवर्तित मानिसहरुले आफ्नो मन बदल्न सक्छन तर चेलाहरुले आफ्नो गुरुलाई पछ्याउंछन.

घ. एउटा चेला भाग्यशाली व्यक्ति हो

- उसलाई परमेश्वरले छान्नु र बोलाउनु भएको हो (एफिसी १:४-५).
- उसको मुक्तिदाता येशू हुनुहुन्छ. उसको निम्ति उहाँ क्रूसमा मर्नुभएको छ ताकि उसका पापहरु क्षमा हुन सकून. परमेश्वरमा ऊ स्वीकार भएको छ. (रोमी ५:८)
- उसको बाबु परमेश्वर हुनुहुन्छ. उहाँसँग उसको व्यक्तिगत सम्बन्ध छ र यसरी ऊ परमेश्वरको र उहाँको राज्यको सन्तान भएको छ (गलाती ४:६-७).
- उसलाई अनन्त जीवन प्रदान गरिएको छ (यूहन्ना ३:१६).
- पवित्र आत्मा उसमा बास गर्नुहुन्छ. ख्रीष्टमा प्राप्त नयाँ जीवनको साक्षी दिन उसलाई शक्ति दिनुहुन्छ (प्रेरित १:८).
- परमेश्वरसित उसको शान्ति स्थापित भएको छ (रोमी ५:१).
- परमेश्वरको प्रेमबाट उसलाई कुनै कुराले अलग्ग्याउने छैन (रोमी ३:३८-३९).

ङ. एउटा चेलाको जिम्मेवारी हुन्छ

चेलापनलाई गम्भीरतापूर्वक लिनेहरुले, “येशूले के गर्नुहुन्थ्यो ?” भनेर आफैंसित प्रश्न गर्नुपर्ने हुन्छ. हरेक परिस्थितिमा अरुजस्तै हामीले पनि यो प्रश्नको सामना गर्नुपर्छ. आफू र येशू बीच भएको करार वा सम्झौता भनेर यसलाई हरेक क्रिश्चियनले मान्नुपर्छ (१यूहन्ना २:६). तपाई अल्मलिनु भएको बेलामा तपाईंको ठाउँमा येशू हुनुभएको भए उहाँले के गर्नुहुन्थ्यो भनेर पवित्र आत्मासँग सोध्नुहोस्. उहाँको काम र शिक्षाप्रतिको तपाईंको ज्ञान बढ्दै जाँदा र तपाईंले बाइबल पढनुहुँदा येशूले हरेक परिस्थितिमा अपनाउनुहुने व्यवहारका बारेमा जान्ने सामर्थ्य पनि तपाईंमा बढदै जान्छ.

१. *दृढ निर्णय गर्नुहोस्*

- येशूले गर्नुभएका कामहरु गर्न एउटा चेलाले दृढ निर्णय गर्नुपर्नेहुन्छ. त्यसो भएन भने परमेश्वरले उसका निम्ति छुट्याइदिनु भएको उत्तम कुरालाई उसले गुमाउनेछ र प्रभुलाई निरन्तर दुखित तुल्याइराख्नेछ.

- सुसमाचार सुनेर येशूलाई पछ्याउने हामीले गरेको निर्णय भावनात्मक नभएर हाम्रो आफ्नै इच्छाले गरेको ठोस निर्णय हो. नजानिकन गरिएका निर्णयहरुले खास महत्व राख्दैनन्.

- तपाईले गरेका निर्णयहरु कैयौंपल्ट तपाईं माथिका आत्मिक अगुवाहरुमा सुम्पिदिनुपर्छ. आफ्नो जीवनमा परमेश्वरको इच्छा पूरा भएको हेर्न चाहनुहुन्छ भने आत्मिक अगुवाहरुको अधीनमा रहन नहिच्किचाउनुहोस. चेलाहरुलाई आफ्नो इच्छा अनुसार स्वतन्त्र हिंडने अनुमति छैन तर तिनीहरु आफना कामहरुका निम्ति प्रभुप्रति व्यक्तिगत रुपमा जिम्मेवार छन्.

२. *केही फाइदाहरु*

- मानिसहरु पैसा, व्यवसायिक कारोबार र सामाजिक जिम्मेवारीहरुप्रति तपाईंको सोचाइहरु समष्टिगत रुपमा प्रगतिशील हुदैजान्छ.
- शुद्धिकरणको प्रक्रियालाई तपाईंले आफ्नो जीवनमा अनुभव गर्नुहुनेछ. त्यसरी येशूको जीवनसँग असम्बन्धित नकारात्मक विचारहरु, प्रवृत्ति तथा कार्यहरु तपाईको जीवनबाट हटाइनेछन्.
- तपाईंका कामहरु, बचन तथा सोचाई प्रेमपूर्ण हुनेछ. तपाई क्षमाशील हुनुहुनेछ. हराएकाहरु र खांचोमा परेकाहरुका निम्ति तपाई टिठालु हुनुहुनेछ.
- येशूसँग भएका सबैथोक हामी प्राप्त गर्नेछौं. यदि हामी उहाँको दु:खहरुमा सहभागी हुन तयार छौं भने उहाँको महिमामा पनि हामी भागिदार हुनेछौं (रोमी ८:१७). आज्ञा मान्न मूल्य चुकाउनु परेपनि तपाईले घाटा बेहोर्नुपर्ने छैन. हामीले उहाँलाई दिएको भन्दा धेरै गुणा उहाँले हामीलाई यस जीवनमा र स्वर्गमा अनन्तसम्म दिनुहुनेछ (लूका ६:३८, यूहन्ना १०:१०).
- तपाईंका केही पूराना आनी-वानीमा परिवर्तन हुनेछ किनभने प्रभु तपाईंका ती कुराहरुमा परिवर्तन भएको हेर्न चाहनुहुन्छ. खुशीसाथ त्यसो हुनदिनुहोस. पूरानो आनी-बानी दोहोऱ्याउने इच्छालाई दबाउनुहोस. चेलापनलाई सुरक्षित राख्नुहोस (कलस्सी ३:१७).
- चेलापनलाई गम्भीरतापूर्वक लिनाले तपाईं परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजीमा हुनुहुन्छ भन्ने देखाउंछ. परमेश्वर

आफ्ना प्रतिज्ञामा विश्वासयोग्य रहेर येशूसँगजस्तै उहाँले तपाईंको आवश्यकता पूरा गर्नुहुने कुरामा ढुक्क हुनुहोस्.

च. प्रश्नहरु र छलफलका बुँदाहरु

१. हरेक परिस्थितिहरुमा हामी आफ्नै इच्छा अनुसार जिऔं कि परमेश्वरले चाहनुभए मुताविक जिऔं ? (२कोरिन्थी ५:१५).

२. येशू खीष्टका कुराहरुमा हामीलाई कस्ले बाटो देखाउंछ ? (यूहन्ना १६:१३-१४).

३. येशूमा विश्वास गर्नेहरुले के कस्ता कामहरु गर्नेछन ? (यूहन्ना १४:१२-१४).

४. परमेश्वरले आफ्नो पुत्र येशू दिनुभएकोले गर्दा के हामी प्रेमको बारेमा सिक्नसक्छौं ? (१यूहन्ना ४:१०-११) र चेलाहरुका रुपमा हामी उहाँको प्रेममा कायम कसरी रहनसक्छौं ? (यूहन्ना १५:९-१४)

५. परमेश्वरको दुइ महान आज्ञाहरु के के हुन ?(मत्ती २२:३७-३९).

६. परमेश्वरले चाहनुभए मुताविक उहाँप्रति र अन्य मानिसहरुप्रति अगापे प्रेमलाई हामी चेलाहरुजस्तै आफ्नो दैनिक जीवनबाट कसरी प्रदर्शित गर्नसक्छौं ? (रोमी ५:५).

७. परिस्थितिहरु हाम्रा प्रतिकुल भएको बेलामा के हामी एकछिन सुस्ताएर फेरि शुरु गर्नसक्छौं ? (लूका ९:६२). यदि सक्दैनौ भने किन कैयौं क्रिश्चियनहरु सुस्ताइरहेका जस्ता देखिन्छन् त ?

छ. सारांश तथा प्रयोग

१. येशूलाई प्रभु स्वीकार गर्दै उहाँमा पूरै समर्पित हुनुपर्छ. यसको अर्थ उहाँले हामीलाई केही गर्न भन्नुभएमा, “नाई, गर्दिन” हामी भन्दैनौ.

२. येशूका प्रत्येक चेलाहरुले यो प्रश्न गर्नुपर्छ, “म परेको परिस्थितिमा येशू पर्नुभएको भए उहाँ के गर्नुहुन्थ्यो ?”

३. उहाँको चेलाका रुपमा हामी लगातार परमेश्वरको वचनमा जिउनुपर्छ. त्यसरी हामी उहाँलाई अझ राम्रोसित चिन्नेछौं र हरेक परिस्थितिमा उहाँ कसरी व्यवहार गर्नुहुन्छ भन्ने कुरा जान्न हामी बढी समर्थ हुनेछौं.

४. परमेश्वर जसले हाम्रो भलाई मात्र चाहनुहुन्छ उहाँलाई प्रेमिलो प्रभुका रुपमा हामीले हेर्नुपर्छ.

५. परमेश्वरलाई प्रेम गर्ने र उहाँको सेवा गर्ने हाम्रो पहिलो प्राथमिकता हुनुपर्छ, अरुहरु दोश्रामा र हामीचाहिं अन्तमा.